नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं

# प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार तथा अनुदान सहयोगका लागि आवेदन पेस गर्ने सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मितिः २०८१/०५/१४

मुलुकमा शान्ति, सुशासन, नवप्रवर्तन, वैज्ञानिक खोज, अन्वेषण, अनुसन्धान वा विकासको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने युवा बालबालिका तथा अन्य व्यक्तिलाई प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार तथा अनुदान सहयोग प्रदान गर्न छनोट गर्ने कार्यको प्रक्रिया सुरु गरिएको हुँदा प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार वा अनुदान सहयोग रकम वितरण मापदण्ड, २०८१ बमोजिम योग्य नेपाली नागरिकहरूबाट सोही मापदण्ड बमोजिमको आवेदन फाराम र कागजातहरू यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १० दिन (कार्यालय समय) भित्र आइपुग्ने गरी यस कार्यालयको निम्न ठेगानामा पेस गर्नुहुन वा स्क्यान गरी talent.award@opmcm.gov.np वा pmtalent.award81@gmail.com मा पठाउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै नेपाल सरकार मातहतका निकाय, प्रदेश वा स्थानीय तह, विश्वविद्यालय, शिक्षण संस्था, सार्वजनिक संस्थान वा अन्य कुनै व्यक्तिहरूले समेत पुरस्कार वा अनुदान सहयोगका लागि उल्लिखित क्षेत्रमा योगदान गरेका व्यक्तिहरूको सिफारिस गर्नसक्ने, यसरी सिफारिस गर्दा सोही मापदण्ड बमोजिमको फाराम र कागजात संलग्न गरी पेस गर्नुपर्नेछ।

प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार वा अनुदान सहयोग रकम वितरण मापदण्ड, २०८१ यस कार्यालयको वेबसाइट www.opmcm.gov.np बाट डाउनलोड गर्न सकिनेछ । अन्य जिज्ञासाको लागि देहायको ठेगानामा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

<u>आवेदन पेस गर्ने र सम्पर्क ठेगाना</u>

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सामाजिक तथा भौतिक पूर्वाधार विकास महाशाखा

सिंहदरवार, काठमाडौं, फोन : ०१-५९७१०६१

इमेल: talent.award@opmcm.gov.np वा pmtalent.award81@gmail.com